# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## Petrol minitiller खरिदका कार्यका लागी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिती २०७७/०६/०६**

यस गाउँपालिकाको लागी Petrol minitiller आबश्यक भएकोले सोको खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नु पर्ने भएको हुदाँ नेपाल सरकारबाट ईजाजत (मान्यता)प्राप्त उत्पादक/कम्पनी/अधिकारिक बिक्रेताबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको यो सर्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

(१) बोलपत्र फारम चालु आ.व.का लागी नबिकरण भएको ईजाजत पत्र ,आयकर दर्ता, र मु.अ. कर दर्ता र गत आ.व.को कर चुक्त भएको प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) मिति २०७७।०६।२० गते कार्यालय समयसम्म तिरी ईच्छुक सिलबन्दी दरभाउपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ । खरिद भएका सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात २०७७।०६।२१ गते दिनको १२:०० बजे सम्म सिलबन्दी लाह छाप गरी खाममा बिवरण प्रस्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सिलबन्दीपत्रहरु सोही दिनको १३ :०० बजे उपस्थीत बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रहोवरमा यस कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाताहरु र निजका प्रतिनिधिहरु उपस्थीत नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

(२) सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हुने छ ।

(३) तपशिल बमोजिमको सिलबन्दी दरभाउपत्र जमानत बराबरको रकम लिसंखु पाखर गाउँपालीका वडा नं. ७, ठुलोपाखर स्थित लक्ष्मी बैकमा रहेको गाउँपालिकाको कार्यालयको धरौटी खाता नं. ०८९११०००५३७ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बरावरको यस कार्यलयको नाममा जारि गरिएको विडवण्ड (bid bond) बोलपत्र पेश गरेको अन्तिम मितिबाट ७५ दिन पेश भएको गर्नुपर्ने छ ।

(४) म्याद नागी आएको रित नपुगेको र शर्त राखिएको सिलन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

(५) सिलबन्दी दरभाउपत्रदाताबाट सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित मुल्य अभिबृद्धि कर बाहेक रकम उल्लेख गर्नु पर्ने छ । सो दररेटमा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनु पर्ने छ ।

(६) यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा अंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुने छ ।

(७) कुनै शर्त राखी पेश गरेको सुचनाको शर्त बिपरित भएको कार्यलयबाट उपलब्ध गराईएको सिलबन्दी दरभाउपत्र फारममा कुनै थपघट गरिएको रित नपुगेको म्याद नाघी पेश हुना आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

(८) यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) सार्वजनिक खरिद नियमावाली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

(९) सिलबन्दी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**तपशिल :**

| ठेक्का नम्बर | कामको बिवरण | धरौटी रकम,रु. | सिलबन्दी दरभाउपत्र फारम दस्तुर,रु |
|---|---|---|---|
| LPRM/SQ/077/78-02 | Supply and delivery of petrol minitiller | ४३,००० | १,००० |

प्रमुख प्रशासकिय अधिकृत